# समुदायमा पहुँचवृद्धि कार्यक्रम

(Community Outreach Program 2080)


प्रस्तुतकर्ता

जनार्दन गुरागाईं

सहप्राध्यापक

सुकुना बहुमुखी क्याम्पस


सुकुना बहुमुखी क्याम्पसद्वारा सञ्चालित कार्यक्रमहरू अन्तर्गत समुदायमा गएर सञ्चालन गरिएका कार्यक्रमहरू मध्ये समुदायमा पहुँचवृद्धि कार्यक्रमको प्रतिवेदन २०८०


सुकुना  बहुमुखी क्याम्पस

सुन्दरहरैंचा १२, मोरङ

२०८०

विषय सूची


१. पृष्टभूमि ३

२. समुदायमा पहुँचवृद्धि कार्यक्रमका उद्देश्यहरू ४

३. समुदायमा पहुँचवृद्धि कार्यक्रमको ढाँचा ४

क. स्थानीय स्तरको कार्यक्रम

ख. बाह्य स्तरको कार्यक्रम

४. कार्यक्रम विधि ५

क.समुदायमा पहुँचवृद्धि कार्यक्रमकालागि बजेट विनियोजन

ख.क्याम्पस सञ्चालक समितिको निर्णय

ग.सस्थागत खोज अनुसन्धान

५.समुदायमा पहुँचवृद्धि कार्यक्रमको व्याख्या र विश्लेषण ६

६. प्राप्ती ७

७. निचोड ८

८. सुझाव ९

**परिशिष्ट**

# १. पृष्ठभूमि

सुकुना बहुमुखी क्याम्पस मोरङ जिल्ला अन्तर्गत सुन्दरहरैंचा नगरपालिकाको एक नाम चलेको समुदायस्तरबाट स्थापित सञ्चालित सामुदायिक क्याम्पस हो, यस क्याम्पसलाई पव्लिक क्याम्पस भनेर चिनिन्छ । यो क्याम्पस २०४८ सालमा यसै क्षेत्रका समुदायको पहलमा स्थापना भइ त्रिभुवनविश्वविद्यालयद्वारा सम्बन्धन प्राप्त क्याम्पस हो । विगत चार दसक अगाडिदेखि अथक परिश्रमकासाथ सञ्चालन हुँदै आएको यो क्याम्पस यसै क्षेत्रका शिक्षप्रेमी, बुद्धिजिवीहरूको मन मनमा वस्न सफल भएको छ । यति मात्र नभएर कोशी र मधेस प्रदेसमा मात्र नभएर यो क्याम्पस शैक्षिक जगतमा एक उदाहरणवनी चर्चाको शिखरमा पुग्न सफल भएको छ । यसको मुख्य कारण यस क्याम्पसले दिएको गुणस्तरीय शिक्षा नै हो । यसैको प्रतिफल स्वरूप विश्वविद्यालय अनुदान आयोग नेपालले वि. सं. २०७२ सालमा सुकुना बहुमुखी क्याम्पसलाई गुणस्तर प्रत्यायानकृत गर्ने निर्णय गर्नु यस क्यम्पसको अर्को प्रगति मान्न सकिन्छ ।

वि.सं. २०४८ सालमा प्रमाणपत्र तह अध्यापन गराउन पाउने अनुमति लिएर जन्मिएको यो शैक्षिक संस्थाले हाल ३२ वसन्त पार गरेर अगाडी बढीरहँदा हाल शिक्षा, व्यवस्थापन, विज्ञान र मानविकी सङ्काय अन्तर्गत स्नातक र शिक्षा र व्यवस्थापन सङ्कायमा स्नातकोत्तर तहसम्मका कक्षाहरू सञ्चालन गरी गुणस्तरीय नतिजा दिन सफल समेत भएको छ । त्यसैगरी व्यवस्थापन सङ्काय अन्तर्गत ता वि.वि.ए. कक्षा समेत सञ्चालन गरी व्यावस्थापनको क्षेत्रमा छुट्टै पहिचान बनाउने सफलताको सिढि तयार गरिरहेको तथ्य उजागर भईरहेको पाइन्छ । यसलाई यस क्याम्पसको एक पछिको अर्को सफलता मान्न सकिन्छ ।

सिकाईमा कितावी ज्ञानलाई मात्र आधार नमानी वालवालिकाको सर्वाङ्गीण विकासकालागि शारिरिक, मानसिक, संम्वेगात्मक र सामाजिक दृष्टिकोणले पनि उत्तिकै महत्वपुर्ण मानिन्छ । सवै संस्थाहरूले सवै क्षेत्रलाई तालमेल मिलाएर शिक्षण गराइएको पाईन्न तर सुकुना क्याम्पस त्यस्तो क्याम्पस हो जाहाँ शिक्षणका अलावा अतिरिक्त क्रियाकलाप अन्तर्गत खेलकुद, सिर्जनात्मक क्रियाकलाप र रचनात्मक क्रियाकलाप र त्यस अन्तर्गत पनि कला, साहित्य, वादविवाद, हाजिरी जवाफ, गीत सङ्गीत, नृत्य, गायन आदि क्षेत्रमा उत्तिकै शसक्त ढङ्गबाट अगाडी बढाई देशकै अन्य क्षेत्रमा समेत पहुँच पुऱ्याउन सक्नु यस क्यम्पसको अर्को सफलता मान्न सकिन्छ ।

सवैकालागि शिक्षा भन्ने विश्वव्यपी नारा अनुरूप हाम्रो देश नेपालले पनि त्यही नारालाई अङिकार गर्दै अगाडी बढीरहेको परिप्रेक्षमा यस क्षेत्रका वालवालिकाहरू पनि शिक्षाको पहुँचबाट टाढा नरहुन भन्नाका खातिर केही पहुँचवाला शैक्षिक संस्थाहरूले कमजोर शैक्षिक संस्थाहरूलाई आर्थिक, सामाजिक र नैतिक दृष्टिकोणले भ्याएसम्मको सहयोग गर्नु एक जिम्मेवारीपुर्ण कार्य हुने भएकाले शैक्षिक क्षेत्रमा सुकुना बहुमुखी क्याम्पस यस क्षेत्रकै अगुवा शैक्षिक संस्था भएको नाताले समय समयमा समुदायमा आधारित केही शैक्षिक संस्थाहरूलाई स्रोतले भ्याएसम्मको आर्थिक, शैक्षिक र नैतिक सहयोग गर्दै आएको छ ।

**२. समुदायमा पहुँचवृद्धि कार्यक्रका उद्देश्यहरू**

समुदायमा पहुँचवृद्धि कार्यक्रम संस्थागत कार्यक्रम हो । यो कार्यक्रम कुनैपनि संस्थाले अन्य कुनैपनि संस्था समक्ष सम्बन्ध कायम गरी एक अर्कावीच सामाजिक, आर्थिक र नैतिक सरसहयोगका वारेमा छलफल गरी निचोडमा पुग्न सहयोग गर्दछ । यसकालागि निम्न उद्देश्यहरू समावेस गरी अध्ययन गर्न औचित्यपूर्ण मानिन्छ ।

क.समुदायमा सञ्चालित पहुँचवृद्धि कार्यक्रमले शिक्षण सिकाइमा पारेको प्रभाव पत्तालगाउनु ।
ख.शैक्षिक संस्थाहरूवीच सुमधुर सम्बन्ध स्थापना गर्न मद्दत गर्नु ।
ग. समुदायका मानिसहरूको सुकुना बहुमुखी क्याम्पसलाई हुर्ने दृष्टिकोणमा सकारात्मकता ल्याउनु ।

**३. समुदायमा पहुँचवृद्धि कार्यक्रमको ढाँचा**

क. स्थानिय स्तरको कार्यक्रम
ख. बाह्य स्तरको कार्यक्रम

सुकुना बहुमुखी क्याम्पस
इन्द्रहैँचा नगरपालिका, मोरङ
स्था. २०४८

**क. स्थानिय स्तरको कार्यक्रम**

स्थानिय स्तरको कार्यक्रम सञ्चालन गर्दा क्याम्पस रहेकै नगपालिका भित्रका शैक्षिक संस्थाहरू जो आर्थिक, सामाजिक दृष्टिकोणले कमजोर देखिन्छन, जाहाँ पढ्ने वालवालिकाहरू आर्थिक र सामाजिक दृष्टिकोणले कमजोर छन्, जातिय दृष्टिकोणले पिछडिएका छन् गरिवीले जकडिएका छन् आदि अवस्थालाई आधार बनाइ स्थानिय स्तरका संघ संस्थाहरू लाभान्वित हुनेगरी बनाइएको कार्यक्रम ।

**ख. बाह्य स्तरको कार्यक्रम**

बाह्य स्तरको कार्यक्रम भन्नाले क्याम्पस रहेको नगरपालिका भन्दा बाहिरका नगपालिका वा गाउँपालिका स्तरीय समुदायमा आधारित पहुँचवृद्धि कार्यक्रम सञ्चालन गर्न सकिन्छ ।

**क. स्थनीय स्तरको कार्यक्रम**

सुकुना बहुमुखी क्याम्पसद्वारा २०८०/०८१को क्याम्पस सञ्चालक परिषदको निर्णयद्वारा छुट्टयाइएको बजेट अनुसार समुदायमा पहुँचवृद्धि कार्यक्रम सञ्चालन अन्तर्गत न्यानो कपडा वितरणकालागि शैक्षिक संस्था खोजीगर्ने जिम्मेवारी दिए अनुरूप सुन्दरहरैंचा नगपालिका वाडा नं २ स्थित श्री देवता आधारभूत विद्यालयलाई छनोट गरि कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो । उक्त क्षेत्रमागई विद्यालयको अवस्था, विद्यार्थीहरूको आर्थिक अवस्था, पठनपाठनको अवस्था, शैक्षिक संसाधनको अवस्था र विद्यार्थीहरूको पारिवारिक पृष्टभूमि समेत खोजि गरी कार्यक्रम सञ्चालन गर्ने निर्णय अनुरूप विद्यालयको प्रधानाध्यापकलाई पत्राचार गरी मिति २०८० पौष ११ गते १२१ जना अध्ययनरत वालवालिकाहरूलाई न्यानो कपडा वितरण गरियो ।

## ४. कार्यक्रम विधि

क. समुदायमा पहुँचवृद्धि कार्यक्रमकालागि बजेट विनियोजन

समुदायमा पहुँचवृद्धि कार्यक्रम सञ्चालनकालागि मिति २०८० पौष ९ मा वसेको सञ्चालक समिसतको वैठक बाट कार्यक्रम सञ्चालनकालागि बजेट विनियोजन गरिएको थियो ।

ख. क्याम्पस सञ्चालक समितिको निर्णय

समुदायमा पहुँचवृद्धि कार्यक्रम सञ्चालनकालागि मिति २०८० पौष ९ मा क्याम्पस सञ्चालक समितिको निर्णय अनुसार सुकुना बहुमुखी क्याम्पसद्वारा सामुदायिक पहुँचवृद्धि कार्यक्रम विपन्न र पछाडी परेका समुदायका वालवालिका अध्ययन गर्ने सुन्दरहरैंचा २ अवस्थित श्री देवता आधारभूत विद्यालयका विद्यार्थीहरूलाई न्यानो कपडा वितरण गर्ने निर्णय गरियो ।

ग. सस्थागत खोज अनुसन्धान

समुदायमा पहुँचवृद्धि कार्यक्रमकालागि सुन्दरहरैंचा नगरपालिका अन्तरगतका विद्यालयहरू मध्ये श्री देवता आधारभूत विद्यालय जो आर्थिक तथा सामाजिक दृष्टिकोणले कमजोर हुनुकासाथै अधिकांस विपन्न वर्गका वालवालिका अध्ययन गर्ने भएकाले त्यसै विद्यालयलाई छनोट गरी पहुँचवृद्धि कार्यक्रम सञ्चालन गरिएको थियो ।

## ५.समुदायमा पहुँचवृद्धि कार्यक्रमको व्यख्या र विश्लेषण

सुकुना बहुमुखी क्याम्पस सञ्चालक समितिको मिति २०८० पौष ९ गतेको निर्णय अनुसार पौष ११ गते श्री देवता आधारभूत विद्यालयमा क्याम्पसको तर्फबाट क्यम्पस सञ्चालक समितिका अध्यक्ष श्री केशव अधिकारीको अध्यक्षतामा अन्य सञ्चालक समितिका पदधिकारीहरू उपाध्यक्ष श्री ललित बहादुर श्रेष्ठ, सदश्यहरू श्री सुरेन्द्र बहादुर थापा, श्री रामप्रसाद गजुरेल, सहायक क्याम्पस प्रमुख श्री वलराम पोखेल, सहायक क्याम्पस प्रमुख श्री गणेशप्रसाद दाहाल, पव्लिक क्याम्पस प्राध्यापक संघ एकाइ समितिका सभापति श्री जनार्दन गुरागाईं, उपप्राध्यापक श्री रमेश खतिवडा, अधिकृत श्री नवराज कोइराला सहितको उपस्थितिमा श्री देवता आधारभूत विद्यालयमा न्यानो कपडा वितरण गरियो ।

उक्त कार्यक्रममा श्री देवता आधारभूत विद्यालयका प्र. अ. श्री मध्यनारायण चौधरी, शिक्षहरू क्रमश श्री राजु मण्डल, श्री दीपबहादुर मगर, श्री शिवनारायण चौधरी, श्री छविलाल चौधरी, श्री गुरका झांगर, श्री बबिता उराव, श्री ललिता कुमारी माझी, श्री सुनिता चौधरी, श्री सावित्रा घिमिरे र श्री अज्ञितकुमार खवासको उपस्थिति रहेको थियो । त्यसैगरी उक्त विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू र शिक्षक अभिभावक संघका सदस्यशरू क्रमश निम्नानुसार उपस्थिति रहेको थियो ।

श्री देवता आधारभूत विद्यालयका कक्षा नर्सरी देखि कक्षा ७ सम्मका न्यानो कपडा प्राप्त गर्ने जम्मा १२१ जना वालवालिकाहरूलाई तलको तालिकामा उल्लेख गरिएको छ ।

श्री देवता आधारभूत विद्यालय २०८०, सुन्दरहरैंचा - २

| कक्षा | छात्रा | छात्र | जम्मा |
|---|---|---|---|
| नर्सरी | २१ | १६ | ३७ |
| १ | ६ | २ | ८ |
| २ | ५ | ९ | १४ |
| ३ | ७ | २ | ९ |
| ४ | ९ | ९ | १८ |
| ५ | १२ | ४ | १६ |
| ६ | ७ | ४ | ११ |
| ७ | ६ | २ | ८ |
| जम्मा | ७३ | ४८ | १२१ |

स्रोत  विद्यालय अभिलेख, २०८०

माथिको तालिका अनुसार श्री देवता आधारभूत विद्यालयको २०८० सालमा नर्सरी कक्षामा भर्ना हुने विद्यार्थीहरूको सङ्ख्या त्यस भन्दा अगाडीको साल भन्दा निकै बढेको देखिन्छ। क्षात्र विद्यार्थीहरूको सङ्ख्या भन्दा क्षात्रा विद्यार्थीहरूको सङ्ख्या झण्डै दोब्बरले बढी देखिन्छ। वि. सं. २०७३ र वि. सं. २०७९ सालको भर्ना सङ्ख्या क्रमश ८–८ देखिन्छ भने वि.सं. २०७७ सालमा पनि ९ जना मात्र भर्ना भएको देखिन्छ तर कोरोनाको समयमा देशव्यापी बन्दाबन्दीले शैक्षिक क्षेत्र लगायत सवै क्षेत्र तहसनहस भएको अवस्थामापनि यस विद्यालयमा विद्यार्थीहरूको भर्ना सङ्ख्या केही बढेको देखिन्छ। उक्त विद्यालयमा अध्ययन गर्ने अधिकांस विद्यर्थीहरू झाँगड समुदायका अध्ययन गर्ने गरेको पाइयो भने थोरै विद्यार्थीहरू थारु, मोची, मुसहर आदि अध्ययन गर्ने पाइयो।

**६. प्राप्ती**

क. विद्यालयका सवै वालवालिकाहरूले न्यानो कपडा प्राप्त गरेपछि खुसी गरेको पाइयो।

ख. त्यस विद्यालयका शिक्षक तथा अभिभावकहरूको सुकुना क्याम्पसलाई हेर्ने दृष्टिकोणमा सकारात्मक परिवर्तन आएको देखियो।

ग. विद्यार्थीहरूलाई विद्यालयमा नियमित हुन सहयोग गरेको पाइयो।

घ. विद्यार्थीहरूमा विद्यालय जाँदा ज्ञानका अतिरिक्त अन्य सेवासुविधा प्राप्त गर्न सक्ने महसुस गरेको पाइयो।

ङ. शैक्षिक वातावरण सुधार्न सहयोग गरेको पाइयो।

सुकुना बहुमुखी क्याम्पस
सुन्दरहरैंचा नगरपालिका, मोरङ
स्था. २०४८

७. निचोड

समुदायमा पहुँचवृद्धि कार्यक्रम आफैमा एक सशक्त कार्यक्रम हो जसले संस्थागत विकास जोड दिनुका साथै कमजोर संस्थालाई मजवुत बनाउन सहयोग गर्दछ। यस्ता कार्यक्रमहरूले संघ सस्थाहरूमा सामाजिक, आर्थिक र नैतिक वातावरण सृजना गरी सस्था सञ्चालनकालागि उपयुक्त वातावरण सृजना गरेको पाइयो। त्यसैगरी सुकुना क्याम्पसले राखेको सामुदायिक पहुँचवृद्धि कार्यक्रमले देवता आधारभूत विद्यालय विद्यार्थीहरूमा खुसि छाउनुकासाथै पढाइप्रति लगाव बढेको देखियो। शिक्षकहरूमा शिक्षणप्रतिको नैतिक जिम्मेवारी वोधभएको देखियो। विद्यार्थी भर्ना सङख्या वृद्धि हुनुका साथै विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघमामा समेत थप दायित्व बोध भएको देखियो।

**८.सुझाव**

क. संस्थागत विकासमा सामुदायिक पहुँचवृद्धि कार्यक्रम आफैमा एक सशक्त कार्यक्रम भएकाले समयमै निर्णय गरेर सञ्चालन गर्नुपर्ने देखिन्छ ।

ख. यस्ता कार्यक्रम हतारमा नगरी अग्रिम योजना बनाएर गर्नुपर्ने देखिन्छ ।

ग. सुकुना बहुमुखी क्याम्पसको क्षेत्राधिकार तोकेर कार्यक्रम बनाउनु उपयुक्त देखिन्छ ।

घ. यस्ता कार्यक्रमलाई सिमित नराखी वृहत ढङ्गले अगाडि बढाउनुपर्ने देखिन्छ ।

ङ. कार्यक्रमको प्रचार प्रसारमा विशेष ध्यान जानु पर्ने देखिन्छ ।

**परिशिष्ट**

बैठक सङ्ख्या :

आज मिति २०८० साल ~~मङ्सिर ०२ गते शनि~~बारका दिन यस सुकुना बहुमुखी क्याम्पस, सुन्दरहरैंचा मोरङको सञ्चालक समितिको बैठक क्याम्पस सञ्चालक समितिका अध्यक्ष श्री केशव अधिकारीको अध्यक्षतामा निम्नानुसारको उपस्थितिमा बसी देहाय अनुसारका प्रस्तावहरू उपर छलफल गरी निर्णय गरियो ।

**मिति :** २०८० साल पौस ०९ गते सोमबार ।

**स्थान :** सञ्चालक समितिको बैठक कक्ष ।

**समय :** बिहान ०८:०० बजे ।

**उपस्थितिः**

| | | |
|---|---|---|
| १. अध्यक्ष : | श्री केशव अधिकारी | ...................... |
| २. उपाध्यक्ष : | श्री ललितबहादुर श्रेष्ठ | ...................... |
| ३. सदस्य : | श्री देवेन्द्रकुमार मास्के | ...................... |
| ४.सदस्य: | श्री सुरेन्द्रबहादुर थापा | ...................... |
| ५.सदस्य : | श्री नेत्रप्रसाद ढकाल | ...................... |
| ६.सदस्य : | श्री नागेश पोखरेल | ...................... |
| ७.सदस्य: | श्री लक्ष्मीप्रसाद फुँयल | ...................... |
| ८.सदस्य : | श्री रामप्रसाद गजुरेल | ...................... |
| ९.सदस्य : | श्री तिलकप्रसाद ढकाल | ...................... |
| १०. सदस्य : | श्री विश्वेश्वर ढकाल | ...................... |
| ११. सदस्य : | श्री योगराज काफ्ले | ...................... |
| १२. सदस्य: | श्री नवराज चापागाईं | ...................... |
| १३. सदस्य : | श्री मकरनन्द पराजुली | ...................... |
| १४. सदस्य : | श्री हेमचन्द्र घिमिरे | ...................... |
| १५. सदस्य : | श्री कमलादेवी राजमास्के | ...................... |
| १६. सदस्य : | श्री केदारप्रसाद गुरागाईं | ...................... |
| १७. सदस्य : | श्री अकली चौधरी | ...................... |
| १८. सदस्य: | श्री रोशनप्रसाद ढकाल | ...................... |
| १९. सदस्य : | श्री जनार्दन गुरागाईं | ...................... |
| २०. सदस्य : | श्री हिक्मत बहादुर बस्नेत | ...................... |
| २१. सदस्य : | श्री भूषण काफ्ले | ...................... |
| २२. सदस्य | श्री टीकाप्रसाद कट्टेल | ...................... |
| २३. सदस्य | श्री भोलानाथ बजगाई | ...................... |
| २४. सदस्य | श्री विन्दा दाहाल थापा | ...................... |
| २५. सदस्य | श्री चन्द्रमणि राइ | ...................... |
| २६. सदस्य सचिव : | श्री अर्जुनराज अधिकारी | ...................... |

**अन्य उपस्थिति**

१.सहायक क्याम्पस प्रमुख : श्री बलराम पोखरेल ......................

२. अधिकृत : श्री नवराज कोइराला......................

प्रस्तावहरू

१. कर्मचारी सेवा आयेगको सिफारिस सम्बन्धमा ।

२. Community Outreach कार्यक्रम सम्बन्धमा ।

३. भवन निर्माणको विल भुक्तानी सम्बन्धमा ।

४. विविध ।

निर्णयहरू

१.प्रस्ताव नं १ उपर छलफल गर्दा कर्मचारी सेवा आयोगले कर्मचारी नियुक्तिका लागि २०८०/०९/०१ मा गरेको सिफारिस बमोजिम बस सहचालक पदमा मासिक तलब रु१५०००।-प्रदान गर्ने गरी सुन्दरहरैंचा १० निवासी श्री अभिशेक झाँगरलाई मिति २०८०पुस १६ गतेदेखि लागूहुने गरि वार्षिक अस्थायी करारमा नियुक्ति प्रदान गर्ने निर्णय गरियो ।

२. प्रस्ताव नं २ उपर छलफल गर्दा क्याम्पसको Community Outreach कार्यक्रम अन्तर्गत विपन्न र पछाडी परेका समुदायका बालबालिका अध्ययन गर्ने सुन्दरहरैंचा -२ अवस्थित श्री देवता आधारभुत विद्यालयका १२१ विद्यार्थीहरूलाई न्यानो कपडा (स्वेटर) २०८०/०९/११ गतेका दिन वितरण गर्ने निर्णय गरियो ।

३. प्रस्ताव नं ३ उपर छलफल गर्दा विश्वविद्यालय अनुदान आयोगको अनुदानमा निर्माणाधिन Contract No SMC/NCB/W-01/080/081 को कक्षाकोठा भवन निर्माणको प्राविधिकबाट मूल्याङ्कन भई Contractor बाट रु.४६,२९,३५६।९१ बराबरको प्रथम रनिङ विल प्राप्त भएकाले सो विलको रकम भुक्तानि दिने निर्णय गरियो ।

४. विविध क) प्रोत्साहन रकम सम्बन्धमा : उक्त प्रस्तावमाथि छलफल गर्दा क्याम्पसको लेखा शाखामा कार्यबोझ बढी भइ कार्यलय समयका अतिरिक्त बेलुकी तथा सार्वजनिक बिदाका दिनहरूमा समेत कार्य गरिरहनु परेको र प्रशासनिक कार्यमा दैनिक रुपमा कार्यलय समय पछाडी र बिदाको समयमा समेत कार्य गर्नुपर्ने भएकाले उक्त शाखाहरूमा कार्यरत अधिकृत तथा लेखापाललाई क्याम्पस प्रमुखको सिफारिसमा बिगतमा खाइपाइ आएको पारिश्रमिकमा आगामी महिनादेखि मासिक थप रु. ४,०००।- प्रोत्साहन खर्च भुक्तानी दिने निर्णय गरियो ।

४. विविध ख) उक्त प्रस्तावमा थप छलफलका विषयवस्तु नभएकाले सञ्चालक समितिका अध्यक्षद्वारा धन्यवाद सहित बैठक समापन भयो ।

CamScanner

श्री

आज मिति २०८० साल पुष ११ गते बुधबारका दिन यस सुक्ना बहुमुखी क्याम्पस, सुन्दरहरैँचा, मोरङको क्याम्पस सञ्चालक समितिका अध्यक्ष श्री केशव अधिकारीको अध्यक्षतामा बसेको बैलामा श्री देवता आधारभूत विद्यालय, सुन्दरहरैँचा-२, (पत्थरखड्डा), मोरङमा अध्ययनरत नर्सरी देखी कक्षा ८ सम्मका छात्र/छात्राहरुलाई क्याम्पसको तर्फबाट न्यानो कपडा (स्विटर) वितरण कार्यक्रम सम्पन्न गरियो।

* मिति: २०८०/०९/११ गते बुधबार।
* समय: बिहान ११:३० बजे देखि।
* स्थान: श्री देवता आधारभूत विद्यालयको प्राङ्गण।
* कार्यक्रम: नर्सरी कक्षा देखि ८ कक्षा सम्मका विद्यार्थीहरुलाई न्यानो कपडा वितरण।
* आयोजक: सुक्ना बहुमुखी क्याम्पस, सुन्दरहरैँचा, मोरङ।
* स्विटर वितरण थान: १२१ *लाभान्वित छात्र: छात्रा: जना

उपस्थिति

१. केशव अधिकारी, अध्यक्ष, क्याम्पस सञ्चालक समिति:
२. ललितबहादुर श्रेष्ठ, उपाध्यक्ष, क्याम्पस सञ्चालक समिति:
३. सुरेन्द्रबहादुर थापा, सदस्य, ,, ,, ,, :
४. रामप्रसाद गजुरेल, सदस्य, ,, ,, ,, :
५. बलराम पोखरेल, सहायक क्या.प्र., ,, ,, ,, :
६. जनार्दन गुरागाईं, अध्यक्ष, प्राध्यापक सङ्घ :
७. रमेश खतिवडा, उपप्राध्यापक, सुक्ना ब० क्याम्पस :
८. नवराज कोइराला अधिकृत, सुक्ना ब० क्याम्पस :
९. गणेशप्रसाद दहाल, सहायक क्या. प्र. ,,
१०. अनिता चौधरी वि.व्य.स. अ. — अनिता
११. सनम कुमारी खवास शि.अ.सं.स — सनम
१२. अञ्जना चौधरी वि.व्य.स.स — अन्जना
१३. भगवती मिश्र ,, — भगवति
१४. विजय कुमार धामी ,, — विजय
१५. ध्रुव खड्का ,,
१६. सितकुमारी खवास ,, — सित
१७. तारा घिमिरे शि.अ.सं.अ — तारा
१८. सहरी माझी शि.अ.सं.स — सहरी
१९. निर्मला बि.क. ,, — निर्मला
२०. रबिया उराम ,, — रविया
२१. सरिता मोची ,, — सरिता
२२. प्रमिला देवी चौधरी ,, — प्रमिला
२३. मध्य नारायण चौधरी प्र.अ. — मध्या
२४. राजु मण्डल शिक्षक — राजु

②

| | | | |
|---|---|---|---|
| २७ | दिप बहादुर मगार | शिक्षक | [signature] |
| २६ | शिवनारायण चौधरी | " | [signature] |
| २७ | छविलाल चौधरी | " | [signature] |
| २८ | सुरक्षा मगार | " | [signature] |
| २९ | बविता उराव | " | [signature] |
| ३० | ललिता कुमारी मांझी | " | [signature] |
| ३१ | सुनिता चौधरी | " | [signature] |
| ३२ | सावित्रा घिमिरे | " | |
| ३३ | अमित कुमार खवास | " | [signature] |
| ३४ | मुन्नि खाँ | अभिभावक | मुन्नि |
| ३५ | अनिल कुमारी खवास | " | अनिल |
| ३६ | सुशिला मांझी | " | सुशिला |
| ३७ | फुलकुमारी थारु भगत | " | |
| ३८ | सुशिला देवी उराव | सुशिला | फुलकुमारी |
| ३९ | मञ्जु कुमारी उराव | " | मन्जु |
| ४० | रुचिता उराव | " | रुचीता |
| ४१ | शान्ति उराव २ | " | शान्ति |
| ४२ | सुनिता उराम | " | सुनिता |
| ४३ | सिता कुमारी उराम | " | सिता |
| ४४ | पुजन चौधरी | " | पुजन |
| ४५ | हरानी कुमारी थारु | " | हरानी |
| ४६ | दिल कुमारी खवास | " | दिलकुमारी |
| ४७ | अरुण कुमारी विश्वास | " | अरुण |
| ४८ | राजवती उराव | " | राजवती |
| ४९ | मान्ति कुमारी उराव | " | मान्ति |
| ५० | रेखा खवास | " | रेखा |
| ५१ | काजल खवास | " | काजल |
| ५२ | रमुला खवास | " | रमुला |
| ५३ | सबिता चौधरी | " | सबिता |
| ५४ | सनम खवास | " | सनम |
| ५५ | सुभावती मोची | " | सुभाती |
| ५६ | फुलवती उराव | " | फुलवतीया |
| ५८ | सुसिला झाँगड | " | सुसिला |
| ५९ | सिर्जना उराव | " | सिर्जना |
| ६० | चम्पावती उराव | " | चम्पावती |
| ६१ | लालसरी उराव | " | लालसरी |
| ६२ | अनिता चौधरी | " | |

| | | | |
|---|---|---|---|
| ६३. | अठरवती चौधरी | " | अठरवती |
| ६३. | टेकी माझी | " | टेकी |
| ६४ | प्रियंका चौधरी | " | Priyanka |
| ६५ | विष्णु उराव | " | विष्णु |
| ६६. | ललिता उराम | " | ललिता |
| ६६. | सबनम खवास | " | सबनम |
| ६८. | लक्ष्मी खड्का | " | लक्ष्मी |
| ६९. | शिव उराँव | " | शिव |
| ७०. | अ६ तमाम | " | मनिष |
| ७१. | मनिषा उराम | " | मनिषा |
| ~~७२~~ | ~~कविता उराँव~~ | " | [signature] |
| ७३ | निवरा प्रधान - वडा अध्यक्ष - सु.ह.-२ | | [signature] |
| ७४ | अनिश कुमार चौटाल | ग्रि | [signature] |

यस कार्यक्रमका सुरुमा बहुमुखी क्याम्पसको तर्फबाट श्री देवता आधारभूत विद्यालय सुन्दरहरैंचा २ मा नर्सरी कक्षा देखि ८ कक्षा सम्म अध्ययन गर्ने जम्मा १२१ जना अति विपन्न, गरिब, सिमान्तकृत, असहाय, आदिवासी छात्रछात्राहरुलाई न्यानो कपडा (स्वीटर) वितरण गरियो।

[signature]

# सामाजिक सम्बन्ध विस्तारका लागि क्याम्पसले न्यानो कपडा वितरण

27 Dec 2023 | admin | News | No comment




HOME ABOUT US ACADEMIC PROGRAMS DEPARTMENTS GALLERY DOWNLOADS TESTIMONIALS CONTACT



क्याम्पसले सामाजिक सम्बन्ध विस्तार र सामाजिक उत्तरदायित्वका लागि श्री देवता आधारभूत विद्यालय सुन्दरहरैंचा २ मोरङमा नर्सरी देखि कक्षा ७ सम्मका विद्यार्थीहरुलाई न्यानो कपडा वितरण गरिएको छ। क्याम्पसको आयोजनामा विद्यालयको प्राङ्गणमा क्याम्पस सञ्चालक समितिका अध्यक्ष श्री केशव अधिकारीको सभापतित्वमा भएको कार्यक्रममा विद्यालयका प्रधानाध्यापक श्री मध्यनारायण चौधरीले सहभागी सबैलाई स्वागत गर्नु भएको थियो। कार्यक्रममा क्याम्पसको तर्फबाट अध्यक्ष श्री केशव अधिकारी, उपाध्यक्ष श्री ललितबहादुर श्रेष्ठ, समितका सदस्यहरु क्रमशः श्री सुरेन्द्रबहादुर थापा, श्री रामप्रसाद गजुरेल, श्री जनार्दन गुरागाईं, सहायक क्याम्पस प्रमुख श्री बलराम पोखरेल, शिक्षक श्री रमेश खतिवडा र क्याम्पसका अधिकृत श्री नवराज कोइरालाले सिमान्तिकृत, आदिवासी, जनजाति , गरिव र पिछडिएका वर्गका १२१ जना छात्रछात्रालाई न्यानो कपडा स्विटर वितरण गर्नु भएको थियो। कार्यक्रममा वडा नं. २ का जनप्रतिनिधिहरु, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा सदस्यहरु, शिक्षक अभिभावक सङ्घका अध्यक्ष तथा सदस्यहरु, शिक्षक, अभिभावक र विद्यार्थीहरुको उपस्थिति रहेको थियो।

सुकुना बहुमुखी क्याम्पस
सुन्दरहरैंचा नगरपालिका, मोरङ
स्था. २०४८

# Photographs






सुकुना बहुमुखी क्याम्पस
सुन्दरहरैंचा नगरपालिका, मोरङ
स्था. २०४८





सुकुना बहुमुखी क्याम्पस
सुन्दरहरैंचा नगरपालिका, मोरङ
स्था. २०४८





सुकुना बहुमुखी क्याम्पस
सुन्दरहरैंचा नगरपालिका, मोरङ
स्था. २०४८






सुकुना बहुमुखी क्याम्पस
सुन्दरहरैंचा नगरपालिका, मोरङ
स्था. २०४८







सुकुना बहुमुखी क्याम्पस
सुन्दरहरैंचा नगरपालिका, मोरङ
स्था. २०४८